# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
### लुम्बिनी प्रदेश, नेपाल

पत्र सख्या :-२०७७/०७८ मिति :-२०७८/१/३१

## सूचना ! सूचना !! सूचना !!!

हाल नयाँ जातको कोरोना भाईरस (COVID-19) संक्रमणको दोश्रो लहर दिनानुदिन वढ्दै गैरहेको अवस्थामा सो को रोकथाम र नियन्त्रणको लागि झिमरुक गाउँपालिकामा मिति २०७८/०१/३१ गते वसेको Crisis Management Center को वैठकवाट तपसिल अनुसारको निर्णय भएकोले आ-आफ्नो क्षेत्रवाट सहयोग पुर्‍याउनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- गाउँपालिकास्तरीय Crisis Management Center को मिति २०७८ /१/२८ गतेको वैठकवाट सवारी साधनको पासको सिफारिस वाहेक झिमरुक गाउँपालिकावाट प्रदान गरिने अन्य सेवाहरु र वडा कार्यालयवाट प्रदान गरिने सवै प्रकारका सेवाहरु मिति २०७८/१/३१ गतेसम्म पूर्ण रुपमा वन्द गर्ने निर्णय भएकोमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८/१/३० गते बसेको बैठकको निर्णयवाट अत्यावश्यक कामवाहेक अन्य सरकारी कार्यालयहरु मिति २०७८/२/१५ सम्म वन्द गर्ने निर्णय भएको, झिमरुक गा.पा.मा संक्रमितहरुको सख्या समेत दिनानुदिन वढ्दै गईरहेको र गाउँपालिकाका केही कर्मचारीहरु समेत संक्रमित भएको हुँदा मिति २०७८/२/१ गतेदेखि मिति २०७८/२/१५ गतेसम्म सो कार्यलाई निरन्तरता दिने ।
- तेश्रो मुलुक,भारत र नेपालका अन्य शहरहरुवाट आएका व्यक्तिहरु र कोरोना भाईरससँग मिल्दोजुल्दो लक्षण देखिएका व्यक्तिहरुलाई अनिंवार्य रुपमा १० दिन होम क्वारेन्टाईन/होम आईसोलेसनमा वस्न अनुरोध गर्ने ।
- कोरोना भाईरसको संक्रमण दिनानुदिन वढ्दै गैरहेको कारण वजार क्षेत्र लगायत यातयातका साधनहरु वन्द भएको अवस्थामा वजार क्षेत्रहरुमा चोरी डकैतीका घटनाहरु घट्न सक्ने र दैनिक उपभोग्य वस्तुहरुको कालोवजारी हुन सक्ने सम्भावना रहेकोले सजग र सचेत रहन आम जनसमुदायहरुलाई अनुरोध गर्ने, चेतना फैलाउन सम्पूर्ण राजनीतिक दल स्वास्थ्यकर्मी, जनप्रतिनिधी, शिक्षक, कर्मचारी, वुद्धिजिवी, महिला स्वास्थ्य स्वयंसेविका लगायत सरोकारवालाहरुलाई आ-आफ्नो ठाउँवाट आवश्यक सहयोग पुर्‍याउन अनुरोध गर्ने ।

**कोरोना संकमण विरुद्ध सबै एक जुट हौं**
**आफू सुरक्षित बनौं अरु सबैलाई समेत सचेत गराऔं ।**

२०७८/१/३१

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत